# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ६ गते २०२७ साल


श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सुनकोशी जल विद्युत् योजनाको निमित्त वाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्लाको मालपोत रू. १७८।९।३ (एकसय अठहत्तररूपैयाँ नौपैसा तीनदाम) लागेको निम्नलिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सो जग्गाको जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियम, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पांग्रेटार पञ्चायत माफिगाऊँ वडा नं. ८ मा पर्ने पूर्व देविबहादुर कार्की, जंगध्वज कार्कीको जग्गा, पश्चिम कामसी माझीको जग्गा, उत्तर सुनकोशी नदी, दक्षिण जंगध्वज कार्की, कर्णध्वज कार्की, बुझे माझी, सुकवीर माझिको जग्गा यति ४ किल्लाभित्रको जग्गा रोपनी १।।।३ (एकरोपनी पन्द्रआना) को जग्गा कित्ता एक — १



622

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माखा पञ्चायत वडा नं. १ मा पर्ने पूर्व हर्षमानको जग्गा, पश्चिम तेजबहादुरको जग्गा, उत्तर मानबहादुर कार्की, चरणलाल, रतनबहादुरको जग्गा, दक्षिण सुनकोशी नदी यति ४ किल्लाभित्रको जग्गा रोपनी ११।।।॰।। (एघाररोपनी तेह्रआना दुईपैसा) को जग्गा कित्ता एक – – – – – १

पांग्रेटार पञ्चायत वडा नं. ५ मा पर्ने पूर्व लप्सीखोला, पश्चिम साधीखोला, उत्तर लेखबहादुर कार्की, मोहनबहादुर कार्कीको जग्गा, दक्षिण रामबहादुर कार्की, शम्शेर-बहादुर कार्की समेतको जग्गा यति चारकिल्लाभित्रको जग्गा रोपनी १६४।।।–। (एकसय चौसट्ठी रोपनी तेह्रआना एकपैसा) को कित्ता जग्गा एक – – १

आज्ञाले–
कृष्ण राजभण्डारी
श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।